# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०४।२१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय उदयपुरका लेखा अधिकृत रबिनचन्द्र ढकालले नगरपालिकाको सरकारी रकम आफ्नो बैंकमा स्थानान्तरण गरि भ्रष्टाचार गरेको भन्ने उजुरीको आधारमा निजलाई नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले बैकको नाममा बिभिन्न किर्ते पत्र तथा कागजात तयार गरि कटारी नगरपालिकाको संचित कोष खाताबाट आफ्नो नाममा रहेको ब्यक्तिगत बैंक खातामा बदनियत पुर्ण तरिकाले रु.३ करोड ९७ लाख ५० हजार र २०७४ माघ महिनाको दोहोरो तलब निकाली रु.३६ हजार ९ सय ८७ तथा २०७४ चैत्र महिनाको तलबी भर्पाई मिलाई रु.५० हजार समेत गरि कुल जम्मा रु.३ करोड ९८ लाख ३६ हजार ९ सय ८७ बदनियत पुर्बक अनियमित तरिकाले आफ्नो ब्यक्तिगत खातामा जम्मा गरि उक्त रकम आफैले खर्च गर्नुका साथै आफ्ना परिवार तथा आफन्तका सदस्यहरुको नाममा अचल सम्पती घरजग्गा जमीनहरु खरिद गरि भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९, दफा १५ र दफा १७ को कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.३,९८,३६,९८७।-(तीन करोड अन्ठानब्बे लाख छत्तीस हजार नौ सय सतासी) कायम गरि भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ को कसुर अपराधमा ऐ. ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (झ) बमोजिम सजाय हुन र निजले भ्रष्टाचार गरि खाई मासेको बिगो रु.३,९८,३६,९८७।-(तीन करोड अन्ठानब्बे लाख छत्तीस हजार नौ सय सतासी) निज प्रतिबादीबाट भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिम असुल उपर हुन मागदाबी लिई साथै निज रबिनचन्द्र ढकालले भ्रष्टाचार गरि कमाएको रकमबाट खरिद गरिएको निजको श्रीमती रिना आचार्य, आमा प्रेम कुमारी दाहाल र काकी साबीत्री प्याकुरेलको नाममा रहेको घरजग्गा तथा निज रबिनचन्द्र ढकाल, श्रीमती रिना आचार्य, आमा प्रेम कुमारी दाहाल, सासु तुलसादेबी आचार्य, काकी साबित्री प्याकुरेल र साथी प्रमिला भण्डारीको नाममा रहेको बैंक खाताहरुमा मौज्दात देखिएको रकमहरु समेत भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ४७ एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा २९ (ख) बमोजिम जफत गरिपाउन मागदाबी लिई मिति २०७५।०४।२० गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता